उत्तरगया गाउँपालिका
(Uttargaya Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(Office of Rural Municipal Executive)
लहरेपौवा, रसुवा (Laharepauwa, Rasuwa)
बागमती प्रदेश, नेपाल (Bagmati Province , Nepal)
वेबसाइट: www.uttargayamun.gov.np
इमेल: uttargayarm@gmail.com

प.स(Ref. No.) २०८१/०८२
च.न.(Dispatch No.)

मिति:२०८१/११/०८

# प्रेस विज्ञप्ती

उत्तरगया गाउँ कार्यपालिकाको मिति २०८१/११/०८ गते बसेको बैठकले उत्तरगया गाउँपालिकाको कार्यलाई थप व्यवस्थित र प्रभावकारी रुपमा अगाडी बढाउनका लागि तपसिल बमोजिमका निर्णयहरु गरेको जानकारी गराइन्छ।

निर्णयहरु:

१. गाउँ सभाको सत्रौं अधिवेशनको दोश्रो बैठकमा उत्तरगया गाउँपालिकाको विनियोजन ऐन,२०८१ लाई संशोधन गर्न वनेको विद्येयक २०८१ लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो।

२. उत्तरगया गाउँपालिकाको लेखा समितिको प्रतिवेदन, २०८१ गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

३. इन्स्टिच्युट अफ मेडिसन (Institute Of Medicine) बाट इन्टनसिपको लागि यस गाउँपालिकाका वडा कार्यालयहरुमा खटिएका विद्यार्थीहरुलाई उहाँहरुको कामको उच्च मूल्याङ्कन गर्दै प्रमाणपत्र सहित विदाई गर्ने गरी व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

४. उत्तरगया गाउँपालिकालाई माथिल्लो त्रिशुली-१ जलविद्युत आयोजना (२१६ मेगावाट) ले प्रदान गर्ने एम्बुलेन्स डाँडागाउँ स्वास्थ्य चौकी, उत्तरगया २ बाट सन्चालन र व्यवस्थापन गर्ने गरी सिफारिस गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

५. उत्तरगया गाउँपालिकाको वडा नं ४ अन्तर्गतको बजेट शिर्षक **माथिल्लो ढुङ्गे सामुदायिक भवन निर्माण** लाई संशोधन गरी **ढुङ्गे सामुदायिक भवन निर्माण** कायम गर्ने निर्णय गरियो।

६. उत्तरगया गाउँपालिकाको परियोजना बैंक र मध्यकालिन खर्च संरचना निर्माण गर्न, गाउँपालिकाको कर्मचारीहरुबाट कार्यदल गठन गरी कार्य अगाडी बढाउने गरी व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

७. यस गाउँपालिकाबाट समपुरक र विशेष अनुदानको लागि तपसिलका आयोजनाहरु प्रस्ताव गर्ने निर्णय गरियो।

तपसिल

क. संघिय समपुरक तर्फबाट

उत्तरगया गाउँपालिका
(Uttargaya Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(Office of Rural Municipal Executive)
लहरेपौवा, रसुवा (Laharepauwa, Rasuwa)
बागमती प्रदेश, नेपाल (Bagmati Province , Nepal)
वेवसाइट: www.uttargayamun.gov.np
इमेल: uttargayarm@gmail.com

प.स(Ref. No.) २०८१/०८२
च.न.(Dispatch No.)

मिति:२०८१/११/०८

- वडा कार्यालय भवन निर्माण वडा नं.१ र वडा नं.४
- शान्तिबजार पैरेगाउँ ठुलोगाउँ डाँडागाउँ सडक निर्माण वडा नं २ र ३
- बनुवाडाँडा कर्मिडाँडा चिउरीबोट सडक स्तोरोन्नती वडा नं ४ र ५

ख. संघिय विशेष अनुदान तर्फबाट

- खेलमैदान निर्माण वडा नं ३ र ४
- डाँडागाउँ मा.वि. छात्राबास भवन निर्माण- उत्तरगया -२
- उत्तरगया धाम व्यवस्थापन उत्तरगया-५
- वलीडाँडाबाट करुमऱ्याङ सडक निर्माण उत्तरगया-१ र २

८. उतरगया गाउँपालिकाको एम्बुलेन्स सन्चालन तथा व्यवस्थापन समितिको हिमालयन बैंक वेत्रावती शाखामा रहेको पुरानो खाता ( UTTARGAYA GAUPALIKA. A.S.T.B. SAMITI खाता नं.०४४०८७८४६३००१७) बन्द गर्ने र उक्त खातामा रहेको रकम स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा रहने गरी उत्तरगया गाउँपालिकाको खातामा जम्मा हुने व्यवस्थापन गर्नुका साथै गाउँपालिका मार्फत एम्बुलेन्स सञ्चालन भए पश्चात संकलन भएको राजस्व वापतको रकम पनि सोही कोष अन्तर्गत जम्मा गर्न र एम्बुलेन्स सञ्चालनको लागि १ जना हलुका सवारी चालक (प्रथमस्तर) को ज्यालादारीमा व्यवस्थापन गर्नको लागि आवश्यक प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

९. तपसिल बमोजिमका कार्यविधिहरुको मस्यौदा तयार गरी गाउँ कार्यपालिका समक्ष पेश गर्न देहाय बमोजिमका सम्बन्धित विषयगत शाखा र विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो।
तपसिल

क. अन्तरजातिय विवाह सम्बन्धी कार्यविधि- महिला बालवालिका तथा जेष्ठ नागरिक शाखा
ख. विपन्न आर्थिक सहायता सम्बन्धी कार्यविधि- स्वास्थ्य शाखा

२०८१/११/८

टुकु प्रसाद सुवेदी
प्रवक्ता